सुदुरपश्चिम प्रदेश सरकार

# टीकापुर अस्पताल

## टीकापुर ,कैलाली

### प्रथम पटक प्रकाशित मिति २०८०/०२/०१ गते (2023/5/15)

संघिय सरकार संध शर्सत अनुदान (खर्च शिर्षक नं.२२५२२) अर्न्तगत टीकापुर अस्पतालको लागि चालु आ.व.२०७९/०८० मा आवश्यक पर्ने न्यानो झोला (नवजात शिशु तथा सुत्केरी आमालाई दिईने लुगाको सेट) विद्युतीय बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकाले नविकरण भएको फर्मदर्ता प्रमाणपत्र,मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेका इच्छुक इजाजत प्राप्त सप्लायर्स,बिक्रेता,व्यवसायीहरु,फर्महरुले निम्न शर्तहरुको अधिनमा रही रीत पूर्वकको विद्युतीय बोलपत्र आहवानका लागि यो सूचना प्रकाशित गरीएको छ।साथै यो बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी(सूचनाका शर्तहरु) बोलपत्रसाथ संलग्न राखिएको ब्यहोरा सूचित गरिन्छ ।

**शर्तहरु**

१) विद्युतीय बोलपत्र तपसिल उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालय वेबसाइट www.bolpatra.gov.np/egp मार्फत उक्त वेबसाइटमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै हार्डकपिलाई स्वीकार गरिनेछैन ।

२) इच्छुक बोलदाताले श्री राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको खाता नं. १०००२०००१०००० (कार्यालय कोड ३५००२७७०२७) राजश्व शिर्षक नं.१४२२९ मा रु ३,०००/- (अक्षेरुपी तीन हजार) (फिर्ता नहुने) जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।

३) Upload भएका बोलपत्रहरु ३१ सौं दिनको २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेपछि सो कार्य क्रमश: हुनेछ।

५) बोलपत्र जमानत वापतको रकम श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी,कैलालीको श्री राष्ट्रीय वाणिज्य बैंक शाखा धनगढी कैलालीमा रहेको हि.नं. ४१७०१००२०२०३०००० ख २ धरौटी खातामा यस अस्पतालको कोड नं. ३५००२७७०२७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस अस्पतालको नाममा जारी गरेको १२० दिन म्याद भएको नेपाल सरकारद्वारा मान्यता प्राप्त वाणिज्य बैंकको बैक ग्यारेन्टी (Bid Bond) अनिवार्य पेश गर्नुपेर्नेछ ।

६) बोलपत्रदाताले कबोल गरेको दररेट (मु.अ.कर वाहेक) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ। कतै केरमेट वा थपघट गर्नुपर्ने भए बुझिने गरी काटी सो काटिएको र थपिएको ठाउँमा दायाँ बायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ।साथै बोलपत्रको BOQ को पानामा पानमा फर्मको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ । बोलपत्रदाताले आधिकारिक इमेल , मोबाइल नं. उल्लेख गर्नुपर्नेछ।

७) सबै खालको करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । कुनै पनि कर वाफत तिरको रकम शोधभर्ना यस कार्यालयबाट दिईने छैन ।

८) प्रत्येक बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्नेछ ।

९) आपूर्ति गरिने न्यानो झोला स्वीकृत आपूर्तिकर्ताले अस्पतालको स्टोर सम्म ढुवानी गर्नुपर्नेछ। सो ढुवानी वाफतको भाडा रकम दिईने छैन ।

१०) रित नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको बोलपत्रमाथि कुनै कारवाही गरिनेछैन ।

११) खरिद गर्नुपर्ने न्यानो झोला पूरै वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित हुनेछ ।पेश गरेको दरमा मु.अ.कर समावेश गरेको वा नगरेको व्यहोरा उल्लेख गर्नुपर्नेछ।

१२) बोलपत्रदाताले खरिद प्रक्रियामा भाग लिन अयोग्य नभएको ,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको तथा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।त्यस्तो स्वघोषणा पत्र सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ ।

१३) बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस अस्पतालमा कार्यालय समयभित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

१४) यस सूचनामा उल्लेख हुन छुट भएका बुदाहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१५) सम्झौता गरी समय भित्रै सामानहरु आपूर्ति नगर्ने फर्मलाई नियमानुसारको कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

१६) बोलपपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

**ठेक्का विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम | बोलपत्र दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम दिन | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|
| 1. | TH/Kailali/NCB/Goods/18/2079/80 | Supply and Delivery of Nyano Jhola Set | 56000/- | 3000.- | २०८०।०२।३१, 2023/06/14, 12.00 AM | २०८०।०२।३१, 2023/06/14, 2.00 PM |